## मिति २०८१ श्रावण २० गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ : ढुङ्गा गिटी बालुवाको ठेक्का अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. ३ : सडक मर्मत संभार सम्बन्धमा ।
प्रस्ताव नं. ४ : नदी नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं. ५ : कर संकलन कार्यमा खटिएका कर्मचारीहरुको थप सुविधा सम्बन्धमा ।
प्रस्ताव नं. ६ : जे.सि.बी. चालकहरुको थप सुविधा सम्बन्धमा ।
प्रस्ताव नं. ७ : करको दर सम्बन्धमा ।
प्रस्ताव नं. ८ : अख्तियार दुरुपयोग अनुसन्धान आयोग परिपत्र सम्बन्धमा ।
प्रस्ताव नं. ९ : अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १० : घर बिदा सम्बन्धमा स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं. ११ : स्थानीय दररेट स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं. १२ : वार्षिक प्रगति समीक्षा सम्बन्धमा ।
निर्णय नं. १३ : अ.ल्या. योजना सम्बन्धमा ।
निर्णय नं. १४ : मेलम्ची नगर अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र) को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।
निर्णय नं. १५ : फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
निर्णय नं. १६ : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।
निर्णय नं. १७ : घर जग्गा बहाल कर तिर्नको लागि निर्देशन गर्ने सम्बन्धमा ।
निर्णय नं. १८ : करार म्याद थप सम्बन्धमा ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७१

CamScanner

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/०३/२० गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : आ.व. २०८१/०८२ मा ढुङ्गा, गिटी, बालुवा, स्लेट, रोडा लगायतका नदीजन्य पदार्थहरुको बिक्री कार्य मार्फत आन्तरिक राजस्व संकलन गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको परिमाण र हाल मौज्दात रहेको परिमाण दुबै गरी जम्मा ३,२५,९५,८७०.२१ घ.फि. नदीजन्य पदार्थको प्रति घ.फि. रु. ९ का दरले मू.अ.कर समेत गरी जम्मा रु. ३३,१५,००,०००।०० (अक्षरुपी तेत्तिस करोड पन्ध्र लाख रुपैयाँ मात्र) मा मिति २०८१/०२/०१ गते ३० दिनको समयावधी राखी मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम कुनै पनि बोलपत्रदाताबाट बोलपत्र पेश भएन । त्यसैगरी, मिति २०८१/०२/३२ गते दोश्रो पटक राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको समयावधी उल्लेख गरी सोही अङ्क र परिमाणमा बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम पनि कुनै पनि बोलपत्रदाताबाट बोलपत्र पेश भएन ।

बागमती प्रदेश सरकारले आर्थिक ऐन, २०८१ मार्फत आ.व. २०८१/०८२ को लागि ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा) को बिक्री दर रु. ९ बाट घटाई रु. ७ कायम गरी पत्राचार गरेको हुँदा नगर कार्यपालिका बैठकको मिति २०८१/०३/२० गतेको निर्णयानुसार मिति २०८१/०३/२१ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा ३,२५,९५,८७०.२१ घ.फि. नदीजन्य पदार्थको प्रति घ.फि. रु. ७ का दरले मू.अ.कर समेत गरी जम्मा रु. २५,७८,३३,३३३।३६ (अक्षरुपी पच्चिस करोड अठहत्तर लाख तेत्तीस हजार तीन सय तेत्तीस रुपैयाँ पैसा छत्तिस मात्र) मा पुन: तेश्रो पटक ७ (सात) दिनको बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना प्रकाशन गर्दा समेत तोकिएको अवधि भित्र कुनै पनि बोलपत्रदाताले बोलपत्र पेश गरेको देखिएन ।

बागमती प्रदेश सरकारबाट जारी गरिएको आर्थिक ऐन, २०८१ को दफा ९ को उपदफा (१) अनुसूची-५ मा ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेक) को दर प्रति घ.फि. रु. ७ कायम भई राजपत्र समेत प्रकाशन भएको हुँदा ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र तर्फ ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (४) बमोजिम यस अघि प्रकाशित जम्मा परिमाण ३,२५,९५,८७०.२१ घ.फि. नदीजन्य पदार्थको प्रति घ.फि. रु. ७ का दरले मू.अ.कर समेत गरी जम्मा रु. २५,७८,३३,३३३।३६ (अक्षरुपी पच्चिस करोड अठहत्तर लाख तेत्तीस हजार तीन सय तेत्तीस

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

रुपैयाँ पैसा छत्तिस मात्र) मा राजस्व परामर्श समितिको मिति २०८१/०४/०३ को सिफारिस बमोजिम मेलम्ची नगरपालिकाको मिति २०८१/०४/१३ को निर्णयानुसार मिति २०८१/०४/१४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा पुन: चौथो पटक ३० (तीस) दिनको बोलपत्र सूचना प्रकाशन गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढी तथा पहिरोबाट नदी किनारका सडक, भौतिक संरचना र बस्तीहरुमा क्षति पुगी दैनिक यातायात संचालनमा कठिनाई भई धनजनमा समेत ठूलो क्षति पुगेको र यस वर्षको बाढी तथा पहिरोबाट क्षति भएका सडक संरचनाहरुको पुनर्निर्माण गरी सहज रुपमा दैनिक यातायातका साधनहरु संचालन गर्न आवश्यक भएको हुँदा मेलम्ची नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका सडकहरुको मर्मत संभार गरी सहज यातायात संचालन गर्न आवश्यक बजेट व्यवस्थाको लागि संघीय तथा बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

१. मेलम्ची खाल्डेखोला तिपेनी भोताङ सडक, मेलम्ची न.पा. १० र ९
२. मेलम्ची तालामाराङ हेलम्बु सडक, मेलम्ची न.पा. ११ र ६
३. भोटेचौर पिप्ले बाहुनेपाटी सडक, मेलम्ची न.पा. १ र २
४. फटिकेश्वर छापभञ्ज्याङ्ग सडक, मेलम्ची न.पा. १३

निर्णय नं. ४ : मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीबाट नदी किनारका बस्ती र बजार क्षेत्रका भौतिक संरचनाहरुमा क्षति पुगेको हुँदा उक्त क्षतिको रोकथाम तथा नियन्त्रणका लागि मेलम्ची नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका नदीको संरक्षण गर्न आवश्यक बजेट व्यवस्थाको लागि संघीय तथा बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

१. ईन्द्रावती नदी तर्फ मेलम्ची पुरानो बजार देखि सिपाघाटसम्मको दायाँबायाँको क्षेत्र, मेनपा १०, ११, १२ र १३
२. मेलम्ची नदी तर्फ मेलम्ची दोभान देखि तालामाराङसम्मको क्षेत्र, मेनपा ११, ६ र ७
३. ईन्द्रावती नदी तर्फ मेलम्ची दोभान देखि खाल्डेखोलासम्मको क्षेत्र, मेनपा ९, १० र ७

निर्णय नं. ५ : मेलम्ची नगरपालिका क्षेत्र भित्रको मेलम्ची तथा ईन्द्रावती नदी क्षेत्रबाट आ.व. २०८१/०८२ मा ढुङ्गा गिटी बालुवा लगयातका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि बोलपत्र आव्हान गर्दा समेत ठेक्का नलागेको अवस्थामा मिति २०८१/०४/०१ गते

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

CamScanner

देखि मेलम्ची नगरपालिकामा कार्यरत कर्मचारीहरु खटाई अमानतबाट राजस्व संकलनको कार्य भइरहेको छ । यसरी, राजस्व संकलनको लागि नगरपालिका क्षेत्र भित्रका विभिन्न नाकाहरुमा २४ सै घण्टा कर्मचारी खटिनु पर्ने अवस्था सिर्जना भएको हुँदा कार्यालयको निर्णयानुसार खटिएका कर्मचारीहरुलाई प्रति दिन प्रति व्यक्ति रु. १२००।– का दरले थप पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका क्षेत्र भित्र बाढी तथा पहिरोको कारणबाट सिर्जना हुने विपद्का विभिन्न कार्यमा मेलम्ची नगरपालिकाका जे.सि.बी. अपरेटरहरु लामो समयसम्म खटिएका र खटिनुपर्ने भएकोले विपद्को दैनिक कार्यमा खटिने जे.सि.बी. अपरेटरहरुलाई २०८१ श्रावण १ देखि २०८१ असोज १५ गतेसम्मका लागि प्रति दिन प्रति व्यक्ति रु. १०००।– का दरले थप पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ : आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी देहाय बमोजिमको करको दर स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | राजस्व शिर्षक | इकाई | करको दर (सम्झौता रकमको) |
|---|---|---|---|
| १ | बुद्धचित्त माला निकासी शुल्क | प्रतिशत | ५ प्रतिशत |

निर्णय नं. ८ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ७८७७४ मिति २०८१/०३/३१ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११ मिति २०८१/०४/०४ गतेको सुझाव कार्यान्वयन सम्बन्धको पत्र प्राप्त भई बैठक समक्ष जानकारी गराइयो ।

निर्णय नं. ९ : सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. (निवेदक) ले मेलम्ची नगरपालिकालाई विपक्षी बनाई दायर गरिएको मुद्दा नं. ०८०-WO-३०१२, मुद्दा निषेधाज्ञाको विषयमा श्री उच्च अदालत पाटनबाट जारी भएको आदेश र सोही कम्पनी प्रा.लि. ले मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मेलम्ची, सिन्धुपाल्चोकलाई विपक्षी बनाई सिन्धुपाल्चोक जिल्ला अदालतमा दायर गरेको सम्झौता बमोजिमको सुविधा समयमा उपलब्ध गराउन नसकी संकलन हुन नसकेको रकम छुट दिलाई भराई पाउँ भनी मुद्दा नं. ०८१-CP-००१२ , फिराद-पत्र समेत दायर गरेको हुँदा उक्त दुबै मुद्दाको सम्बन्धमा कार्यपालिका बैठकमा जानकारी गराइयो । साथै, उक्त दुबै मुद्दाको सम्बन्धमा लिखित जवाफ पेश गर्न, प्रतिउत्तर पत्र पेश गर्न, बहस पैरवी लगायतका सम्पूर्ण अदालती काम कारवाही गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत श्री अशोक कुमार भट्टराईलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७२

निर्णय नं. १० : मेलम्ची नगरपालिकामा असिष्टेन्ट सव-इन्जिनियर, सहायक चौथो तहमा कार्यरत ज्ञान बहादुर बस्नेत (क.स.नं.२४१३९९) ले मिति २०८१ कार्तिक १ गते देखि लागु हुने गरी पाँच महिनाको लागि घर बिदा माग गरेको हुँदा निजको सञ्चित घरबिदाबाट कट्टा हुने गरी माग बमोजिमको घर बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिकाको स्थानीय दररेट सिफारिस समितिबाट आ.व. २०८१/०८२ मा मेलम्ची नगरपालिका क्षेत्र भित्रका योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री, ज्याला, ढुवानी, कृषि बीउ विजन, वन पैदावार लगायतका वस्तुहरुको जिल्ला दररेटमा उल्लेख भए बमोजिमको दररेट स्वीकृतिको लागि सिफारिस भई भएको हुँदा सिफारिस भई आए बमोजिमको जिल्ला दररेट स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १२ : मेलम्ची नगरपालिका अन्तर्गतका शाखा, वडा कार्यालय र नगरपालिका कार्य क्षेत्र भएका विभिन्न गैर सरकारी संस्थाबाट आ.व. २०८०/०८१ मा सम्पादन भएका कार्यहरुको मिति २०८१ श्रावण १५ र १६ गते वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरिएकोमा उक्त समीक्षा कार्यक्रममा उठेका विषयहरुको सम्बन्धमा छलफल गरी नगरपालिकाबाट प्रदान गर्ने सेवा प्रवाह र कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १३ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/०८१ मा बहु बर्षिय रुपमा बोलपत्र आव्हान भई कार्यान्वयनमा रहेका र होमस्टे निर्माणका लागि छनौट भएका अनुसूचीमा उल्लिखित योजनाहरु आ.व. २०८०/०८१ मा सम्पन्न हुन नसकेको हुँदा उक्त योजनाहरुको बजेट सहितको दायित्व चालु आ.व. २०८१/०८२ मा अ.ल्या. गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची नगर अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र) को आम्दानी, खर्च र अस्पतालको समग्र अवस्थाको अध्ययनका लागि कार्यदल गठन भएकोमा उक्त कार्यदलबाट पेश भएको प्रारम्भिक प्रतिवेदन माथि कार्यपालिका बैठकमा छलफल गरियो । प्राथमिक स्वास्थ्य केन्द्र, मेलम्चीबाट भएका आर्थिक कारोवारहरुको थप अध्ययन गर्नुपर्ने भएकोले उक्त प्रतिवेदनको विषयमा आगामी कार्यपालिका बैठकमा थप छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. १५ : मेलम्ची तथा ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते आएको भिषण बाढीबाट मेलम्ची नगरपालिकाबाट मेलम्ची नगरपालिका वडा नं. ११ मा निर्माण गरिएको फोहोरमैला व्यवस्थापन केन्द्रमा पूर्ण क्षति भए पश्चात मेलम्ची बजारबाट संकलन हुने फोहोरलाई अस्थायी रुपमा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित धिताल बेसीमा व्यवस्थापन हुँदै आएकोमा स्थानीयबासीहरुको

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

CamScanner

अवरोधको कारण हाल फोहोरमैला व्यवस्थापनको कार्य हुन नसकेको हुँदा मेलम्ची नगरपालिका वडा नं. ११ को मेलम्ची बजार देखि नुहारखोलासम्मको उपयुक्त स्थान छनौट गरी फोहोरमैला व्यवस्थापनको कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १६ : चितवन जिल्लाको सिमलटार स्थित त्रिसुली नदीमा भएको बस दुर्घटनामा यस सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. १ स्थायी निवासी श्री ठाकुर चौलागाईंको मृत्यु भएको र निजको आर्थिक अवस्था कमजोर भएको हुँदा निजको किरिया खर्च बापत निजको परिवारलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. २५,०००।– (अक्षरुपी पच्चिस हजार रुपैयाँ मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १७ : मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ४ मा भएको व्यवस्था बमोजिम नगरपालिका क्षेत्र भित्रका वडाहरुमा स्थायी वा अस्थायी ठेगाना भएका र घर जग्गा बहाल कर तिर्ने दायित्व सिर्जना भएका सबै संघ संस्था, व्यक्ति, व्यवसाय एवं घरधनीहरुले अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा घर जग्गा बहाल कर तिर्नको लागि निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १८ : मेलम्ची नगरपालिकामा सव इन्जिनियर पदमा कार्यरत शंकर गिरीको सेवा करार म्याद मिति २०८१ असार मसान्तबाट समाप्त भई म्याद थपका लागि निवेदन पेश भएको र निजको कार्य सम्पादन सन्तोषजनक रहेकोले मिति २०८१ श्रावण १ गते देखि २०८१ पौष मसान्तसम्म करार म्याद थप गर्ने निर्णय गरियो।

२०८१।४।२० २०८१।४।२०

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

रकमान्तर

आ.व. : २०८१/८२ रकमान्तर : गत आ.व.को अल्या

**घटाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०.०० | |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२७४०२१०१ | स्वास्थ्यचौकी निर्माण १० र ७ क्रमागत | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६५,००,०००.०० | |
| २ | ८०३२७४०२१०१ | जाल्पादेवी सामुदायिक होमस्टे क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ३ | ८०३२७४०२१०१ | सेतिदेवी मन्दिर निर्माण क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७,००,०००.०० | |
| ४ | ८०३२७४०२१०१ | मेलम्ची गुफाँ डाँडा पर्यटकीय सडक क्रमागत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ९९,००,०००.०० | |
| ५ | ८०३२७४०२१०१ | वडा नं.४ कार्यालय निर्माण क्रमागत | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७६,००,०००.०० | |
| ६ | ८०३२७४०२१०१ | नीनामाया गुफाडाँडा होमस्टे क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ७ | ८०३२७४०२१०१ | गिराचौर एकिकृत वस्ती होमस्टे क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ८ | ८०३२७४०२१०१ | नौलिङ गुफाडाँडा होमस्टे क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ९ | ८०३२७४०२१०१ | वडा नं.१२ कार्यालय निर्माण क्रमागत | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,३५,००,०००.०० | |
| १० | ८०३२७४०२१०१ | थरी टोल प्राधिकरण बिसौना सडक क्रमागत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २९,२०,०००.०० | |
| ११ | ८०३२७४०२१०१ | गोल्माथान खानेपानी क्रमागत | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| १२ | ८०३२७४०२१०१ | खुर्पासिंह होमस्टे तथा किराना पसल क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| १३ | ८०३२७४०२१०१ | छिरिङ हिमालय बी होमस्टे क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| १४ | ८०३२७४०२१०१ | वडा नं. ३ मा सामुदायिक भवन निर्माण क्रमागत | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३८,००,०००.०० | |
| १५ | ८०३२७४०२१०१ | सिन्झर होमस्टे क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| १६ | ८०३२७४०२१०१ | खाल्डेखोला सिरानटोल कैचले सडक क्रमागत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ९,६०,०००.०० | |
| १७ | ८०३२७४०२१०१ | बहुआयामिक सामुदायिक भवन निर्माण, पिपलबोट क्रमागत | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,००,०००.०० | |
| १८ | ८०३२७४०२१०१ | विविध सार्वजनिक निर्माण क्रमागत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| १९ | ८०३२७४०२१०१ | द्वारेटोल गुफाडाडा होमस्टे क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| २० | ८०३२७४०२१०१ | पञ्चकन्या बहुउद्देश्य सामुदायिक संस्था भवन क्रमागत | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,००,०००.०० | |

CamScanner

## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

### रकमान्तर

आ.व. : २०८१/८२ रकमान्तर : गत आ.व.को अल्या

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | ८०३२७४०२१०१ | भैरुङटोल खानेपानी क्रमागत | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,५०,०००.०० |
| २२ | ८०३२७४०२१०१ | जलवाईदेवी मा.वि. भवन फिनिसिङ र भान्साघर निर्माण क्रमागत | 31113 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० |
| २३ | ८०३२७४०२१०१ | महिला सुरक्षा तथा एड्स नियन्त्रण मञ्च बिल्डिङ निर्माण क्रमागत | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३६,००,०००.०० |
| २४ | ८०३२७४०२१०१ | फटकशिला बृहत खानेपानी क्रमागत | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७,३५,०००.०० |
| २५ | ८०३२७४०२१०१ | कभर्ड हल निर्माण क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७४,००,०००.०० |
| २६ | ८०३२७४०२१०१ | स्वास्थ्यचौकी निर्माण वडा नं. ३ क्रमागत | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,००,०००.०० |
| २७ | ८०३२७४०२१०१ | प्रतिष्ठान पिपलबोट टार निर्माण क्रमागत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १६,९०,०००.०० |
| २८ | ८०३२७४०२१०१ | रक्तकाली आ.वि. भौतिक पूर्वाधार स्तरोन्नती क्रमागत | 31161 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० |
| २९ | ८०३२७४०२१०१ | गङरी होमस्टे क्रमागत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० |
| ३० | ८०३२७४०२१०१ | सुनखानी खानेपानी योजना क्रमागत | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,००,०००.०० |
| | | | | | | | | ८,९९,५५,०००.०० |

**अक्षरेपी : रुपैयाँ आठ करोड उनान्सय लाख पचपन्न हजार मात्र।**